**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**

सुर्खेत । ०७७ वैशाख ३ गते

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** जिल्लामा मानव अधिकार अवस्था अनुगमन गर्न इन्सेकको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको कार्यविधि अनुसार वैशाख ३ गते इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहको संयोजकत्वमा नेपाल बार एशोसियसनका सदस्य देविसरण फडेरा, पत्रकार महासंघका जिल्ला उपाध्यक्ष मिमसिंह नेपाली, गैरसरकारी महासंघका कोषाध्यक्ष तिलसरा वि.क. र नागरिक समाजबाट राज शाही सदस्य रहेको समिति गठन गरिएको हो ।

यसैबीच चैत्र २६ गते देखी अदानचुली गाउँपालिकाको क्वारेन्टाइनमा बस्दै आएका व्यक्तिहरुमा कोरोना पत्ता लगाउन वैशाख ३ गते न्यापीड टेस्ट गरीएको गाउँपालिकाका स्वास्थ्य संयोजक हंस महताराले बताउनु भयो । टेष्ट गरिएका ७ जना व्यक्तिहरुको रिपोर्ट नेगेटिभ आएको संयोजक महताराको भनाई छ ।

यस्तै लामो समयदेखि खाद्यान्न बिक्री वितरण नगर्दा जनतालाई खाद्यान्न समस्या हुने देखिएपछि नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले वैशाख ३ गतेदेखि हुम्लामा खाद्यान्न बिक्री शुरु गरेको छ । लिमिटेड हुम्ला शाखाका प्रमुख रामबहादुर बिष्टका अनुसार भिडभाड कम गर्नका लागि स्थानिय तह अनुसार खाद्यान्न बिक्रीको व्यवस्था गरिएको छ ।

पहिलो चरणमा खार्पुनाथ र नाम्खा गाउँपालिकालाई २ सय ८२ क्वीन्टल २० किलो खाद्यान्न बिक्री गरिएको लिमिटेडले जनाएको छ । अब सिमकोट गाउँपालिकालाई खाद्यान्न बिक्री गरिने भएको छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना वुढाथोकीका अनुसार** सल्यानको त्रिवेणी गाउँपालिकाले लकडाउनका कारण दैनिकी चलाउन समस्या भएका अति विपन्न परिवारलाई राहत वितरण गर्न शुरु गरेको छ ।

मापदण्ड अनुसार अति विपन्न २ सय ५० परिवारलाई प्रति परिवार २५ किलो चामल, २ किलो दाल, १ लिटर तेल, २ पोका आयोडिन नुन र २ वटा साबुन वितरण गर्न थालिएको गाउँपालिका अध्यक्ष मान बहादुर डाँगीले जानकारी दिनुभयो । वैशाख २ गते वडा नम्बर ४ मा ४० परिवारलाई राहत वितरण गरिएको वडा कार्यालयले जनाएको छ ।

यसैबीच कोरोना रोकथामका लागि जिल्लाको वनगाड कुपिण्डे नगरपालिका-५ ले साबुन र मास्क वितरण गरेको छ । वडा राहत विपत कोषको रकमबाट २ हजार ८ सय ८ वटा मास्क र ८ सय ८ साबुन वितरण गरेको वडा अध्यक्ष कमल विकले जानकारी दिनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** आठविसकोट नगरपालिकाले निर्माण गर्न थालेको कोरोना अस्पतालको काम अन्तिम चरणमा पुगेको छ । १० दिनभित्र निर्माण गर्ने लक्ष्य सहित चैत २६ गतेबाट काम सुरु गरिएकोमा अबको २ दिनभित्र सम्पूर्ण काम सक्नेगरी धमाधम काम भैरहेको नगरप्रमुख गोर्खबहादुर केसीले बताउनुभयो ।

अस्पतालका लागि बनिरहेको भवनमा आज ढलान, टायल बिछ्याउने र प्लाष्टरको काम भैरहेको र यी काम सकिएपछि उपकरण तथा सामाग्री जडान गरिने नगरपालिकाले जनाएको छ । सामग्री लिनका लागि स्वास्थ्य संयोजक सहितको टोली नेपालगञ्ज गएको बताउँदै नगरप्रमुख केसीले ५ गते सबै काम सक्ने र ६ गतेदेखि सेवा सुचारु गर्ने जानकारी दिनुभयो ।

अस्पताल सञ्चालनका लागि नगरपालिकाका ९० जना स्वास्थ्यकर्मी मध्ये १८ जनालाई छनोट गरेको जनाएको छ । त्यसैगरी नगरपालिकामा विपन्न ७ सय ९५ परिवार छनोट गरी खाद्यान्न वितरणको काम सुरु गरिएको छ । जसमा ४२ घरपरिवार भने नगरपालिका भन्दा बाहिरबाट आई बसोवास गर्नेहरु छन् ।

त्यस्तै कोरोना परीक्षणका लागि जिल्लाको त्रिवेणी गाउँपालिकाबाट स्वाब संकलन गरी पठाएका १२ जनाको रिपोर्ट समेत नेगेटिभ आएको छ । वैशाख २ गते त्रिवेणी गाउँपालिकाका १९ र मुसिकोट नगरपालिकाका ३ जनाको टेष्ट गरिएकोमा उनीहरुको पनि नेगेटिभ देखिएको जिल्ला अस्पताल सल्लेका कोरोना भाइरस संक्रमण रोकथामका फोकल पर्सन ईश्वर रावलले बताउनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्लाका विभिन्न स्थानीय तहमा बनाइएका क्वारेन्टाइनमा बसेका १ सय १ जनाको र्‍यापीड टेष्ट गरिएको छ ।

बुधबारसम्म खाँडाचक्र नगरपालिकाका ६० र सान्नीत्रिवेणी गाउँपालिकाका ४१ जनाको परीक्षण गर्दा कोरोना नेगेटिभ पाइएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले बताउनुभयो । उनीहरुमध्ये ९५ जना भारतबाट, १ जना कतारबाट, २ जना दुबईबाट र ४ जना बाग्लुङबाट आएका थिए ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कैलालीमा कोरोना सङ्क्रमण भेटिएकी महिलासँगै आएका दैलेखका युवकको र्‍यापीड डायग्नोष्टिक टेष्ट परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । चैत १७ गते विरगञ्जबाट कोहोलपुरसम्म उनीहरु संगै आएका थिए ।

दैलेखमा बुधबार आरडिटी किटको पहिलो पटक प्रयोग गरिएको छ । नारायण नगरपालिका-११ बिन्ध्यवासिनीका २५ वर्षीय युवक पहिलो टेष्ट गरिएको स्वास्थ्य सेवा कार्यालय दैलेखका प्रमुख थीरप्रसाद रेग्मीले जानकारी दिनुभयो । जिल्लाबाट अहिलेसम्म पठाइएका कुल ८८ जना मध्ये रिपोर्ट आएका ३५ जना कसैलाई पनि कोरोना संक्रमण नदेखिएको रेग्मीले बताउनुभयो ।

रिपोर्ट नेगेटिभ देखिए पनि बिस्तृत परीक्षणका लागि ती युवक सहित नारायण नगरपालिकाका ४ जना र भगवतीमाई गाउँपालिकाका ८ समेत गरी १२ जनाको नेजोफ्राञ्जिल स्वाब संकलन गरी कर्णाली प्रदेश प्रयोगशालामा पठाइएको छ ।

दैलेख अस्पतालको प्राविधिक टोलीले कोरोना भाइरसको लक्षण देखिएका र अन्यन्त्र जिल्लामा पत्ता लागेका संक्रमितको संगतमा परेकाहरु रहेको ठाउँमै पुगी नेजोफ्राञ्जिल स्वाब संकलन गरी प्रयोगशालामा पठाएको हो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको टोलीले वैशाख २ देखि जिल्लाका हरेक क्वारेन्टाइनमा पुगेर भारत तथा तेस्रो मुलुकबाट आएका नागरिकहरुको र्‍यापीड डायग्नोस्टिक टेष्ट शुरु गरेको छ ।

वैशाख ३ गते हिमा गाउँपालिकामा १५, सिंजा गाउँपालिकामा ४ र कनकासुन्दरी गाउँपालिकाको हाडसिंजामा ७ गरी २६ जनाको टेष्ट भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य निरीक्षक प्रेम सोमैले बताउनुभयो ।

२ गते तातोपानी गाउँपालिकामा ३७ र तिला गाउँपालिकामा १३ जनाको टेष्ट गरिएको थियो । उनीहरु सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य प्रमुख कृष्णप्रसाद सापकोटाले बताउनुभयो ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** वीरेन्द्रनगर नगरपालिकाले राहत मापदण्ड अनुसार विभिन्न वडाका विपन्न र लकडाउनमा प्रभावित बनेका विद्यार्थी समेतलाई राहत वितरण गरेको छ । वैशाख २ गते वडा नम्बर ३ मा १ हजार २ सय ११, ६ मा ३ सय २४, ७ मा २ सय ६०,

८ मा ३१ जना डेरावाल विद्यार्थी र विपन्न ५५, ११ मा २ सय ९३ र वडा नं. १२ मा ४९ परिवारलाई राहत वितरण गरिएको प्रमुख प्रशासकिय अधिकृत टिकाराम ढकालले जानकारी दिनुभयो ।
परिवार सदस्य संख्या ५ भन्दा माथि भएको परिवारलाई पुर्ण राहत स्वरुप ३० किलो चामल, २ किलो दाल, १ पोका तेल र १ पोका नुन वितरण गरिएको छ । यसैगरी परिवार संख्या ४ भन्दा कम भएको परिवारलाई आँशिक राहत स्वरुप १५ किलो चामल, १ किलो दाल, १ पोका तेल र १ पोका नुन वितरण गरिएको छ । साथै विद्यार्थीलाई प्रति एकजनाको लागि ३० किलो चामल, २ किलो दाल, १ पोका तेल र १ पोका नुन वितरण गरिएको नगरपालिकाले जनाएको छ ।
यसैबीच सुर्खेतमा विभिन्न पत्रिका वितरण गर्दै आएका प्रकाश आचार्यलाई चैत ३ गते घर नजिकै चिनी किन्न निस्केको बेला लाटीकोइली रोडमा दुईजना प्रहरीले कुटपिट गरेका छन् ।
आचार्यका अनुसार चिनी किन्नको लागि घर नजिकैको पसलमा पस्न खोज्दा मोटरसाइकलमा आएका दुईजना प्रहरीले लट्ठीले कुटेर आफ्नो बाटो लागेका थिए । 'घरको आडैमा रहेको पसलमा चिनी लिन भनेर आधा खोलिएको सटरबाट भित्र पस्न लागेको थिएँ, एक्कासि आएर आमागाली गर्दै कुटपिट गर्न थाले' आचार्यले भन्नुभयो ।
आचार्यको हात, खुट्टा र ढाडमा चोट लागेको छ । उहाँका अनुसार खुट्टाको घाउमा टाँका लगाइएको छ । सुर्खेतका एसपी डिल्लीराज पन्तले यस घटनाबारे जानकारी नआएको बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**